


वर्ष ४१ | अंक १ | नेपाल राष्ट्र बैंक समाचार | असोज २०७३ | सेप्टेम्बर-अक्टुवर २०१६

# गभर्नर डा. चिरंजीबि नेपालद्वारा 30th SEANZA Governors' Symposium 2016 लाई सम्बोधन

दक्षिण पूर्वी एशिया, न्यूजिल्याण्ड र अष्ट्रेलियाका केन्द्रीय बैंकहरुको बैंकिङ सुपरिवेक्षकहरुको मञ्च (SEANZA Forum of Banking Supervisors) को Governors' Symposium भाद्र १० गते काठमाडौंमा सम्पन्न भयो। क्षेत्रीयस्तरमा केन्द्रीय बैंकहरुबीच पारस्परिक सहयोग सद्भाव एवम् समन्वयमार्फत केन्द्रीय बैंकिङ सुपरिवेक्षकीय क्षमता अभिवृद्धि गर्नु मञ्चको प्रमुख उद्देश्य रहेको छ।




१३ मुलुकका २३ जना सहभागीहरुको सहभागिता रहेको उक्त Symposium मा नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरंजीबि नेपालले Financial Inclusion: Banking the Unbanked विषयमा Key Note Speech राख्नु भएको थियो। कुल वयस्क नेपाली जनसंख्याको १८ प्रतिशत पूर्ण रुपमा बैंकिङ सेवा सुविधा बाहिर रहेको नेपालको स्थिति प्रस्तुत गर्नु हुँदै उहाँले विकासोन्मुख मुलुकहरुमा अझै पनि वित्तीय समावेशीकरणको मुद्दा महत्वपूर्ण रहेको विषयमा जोड दिनु भएको थियो।

उक्त Key Note Speech उपर इरानको केन्द्रीय बैंकका गभर्नर Dr. Valiollah Seif, पाकिस्तानको केन्द्रीय बैंकका डेपुटी गभर्नर Mr. Saeed Ahmad, इण्डोनेसियाको केन्द्रीय बैंकका डेपुटी गभर्नर Dr. Hendar, श्रीलंकाका डेपुटी गभर्नर Dr. Puwakdandawe Nandalal Weerasinghe लगायत बंगलादेश, थाइल्याण्ड, पपुवा न्यूगिनी, मलेशिया, चीन, हङकङ र फिलिपिन्सबाट सहभागी पदाधिकारीहरुले राखेका विभिन्न जिज्ञासाका सम्बन्धमा गभर्नर डा. नेपालले स्पष्ट पार्नु भएको थियो।

SEANZA Forum of Banking Supervisors मञ्चको वर्तमान अध्यक्षको हैसियतमा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर शिवराज श्रेष्ठले स्वागत मन्तव्य प्रस्तुत गर्नुका साथै बैठकको अध्यक्षता गर्नु भएको थियो। कार्यक्रममा उक्त मञ्चसँग सम्बन्धित महत्वपूर्ण एजेण्डाहरुमा छलफल गरी आवश्यक निर्णय समेत लिइएको थियो। कार्यक्रममा University of Birmingham, Department of Economics का प्राध्यापक Dr. David Dickinson ले विभिन्न सत्रहरुमा सहजकर्ताको भूमिका निर्वाह गर्नु भएको थियो। इरानको केन्द्रीय बैंक The Central Bank of Islamic Republic of Iran का गभर्नर Dr. Valiollah Seif ले उक्त मञ्चको भावी दिशाका विषयमा प्रकाश पार्नु भएको थियो।

उक्त बैठकले सन् २०१७ देखि SEANZA Forum of Banking Supervisors को अध्यक्षता इरानको केन्द्रीय बैंक The Central Bank of Islamic Republic of Iran लाई हस्तान्तरण गरेको छ।

कार्यक्रममा डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको पनि सहभागिता रहेको थियो।



# SEANZA केन्द्रीय बैंकिङ तालिम

नेपाल राष्ट्र बैंकको आयोजनामा South East Asia, New Zealand and Australia (SEANZA) Forum of Banking Supervisors ले भाद्र ५ गतेदेखि ९ गतेसम्म (२१-२५ अगस्त, २०१६) काठमाडौंमा केन्द्रीय बैंकिङ तालिम सञ्चालन गऱ्यो । कुल २० वटा मुलुक सदस्य रहेको उक्त Forum of Banking Supervisors बाट १३ मुलुकका २१ जना केन्द्रीय बैंकका अधिकृतहरु तालिममा सहभागी रहेका थिए । उक्त तालिम कार्यक्रममा विदेशी प्रतिष्ठित संस्थाहरुबाट श्रोत व्यक्तिहरु आमन्त्रित गरिएको थियो भने बेलायतको University of Birmingham का प्राध्यापक Dr. David Dickinson, Course Director को रूपमा रहनु भएको थियो ।

उक्त तालिमबाट सदस्य केन्द्रीय बैंकका कर्मचारीहरुको सुपरिवेक्षकीय दक्षता र ज्ञान अभिवृद्धि भई समग्र केन्द्रीय बैंकिङ क्षमता बढ्नुका साथै सदस्य राष्ट्रका सहभागीहरु बीच विचार तथा अनुभवको आदान प्रदान हुने बैंकले विश्वास गरेको छ ।

## एकीकृत कारोबार

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु मालिका विकास बैंक लिमिटेड, महालक्ष्मी फाइनान्स लिमिटेड र सिद्धार्थ फाइनान्स लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई भदौ १९ गतेदेखि महालक्ष्मी विकास बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन भएको छ ।

साविकका इजाजतपत्रप्राप्त वित्तीय संस्थाहरु ज्योति विकास बैंक लिमिटेड र झिमरुक विकास बैक लिमिटेड एक आपसमा सम्पूर्ण सम्पत्ति तथा दायित्व सर्ने गरी गाभिई साउन २८ गतेदेखि ज्योति विकास बैंक लिमिटेडको नामबाट एकीकृत कारोबार सञ्चालन भएको छ ।

# गभर्नर डा. नेपालद्वारा केन्द्रीय कार्यालयको समुद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १५ गते नुवाकोटको मदानपुरमा आशा लघुवित्त वित्तीय संस्था, केन्द्रीय कार्यालयको एक कार्यक्रम बीच समुद्घाटन गर्नुभयो ।



उक्त कार्यालयको समुद्घाटन पश्चात् मन्तव्य राख्नु हुँदै प्रमुख अतिथि गभर्नर डा. नेपालले गरिब तथा विपन्न वर्गको आर्थिक उत्थानको लागि लघुवित्त वित्तीय संस्थाहरुको अहम् भूमिका रहेको बताउनु भयो । उहाँले न्यून आय हुनेहरुलाई उद्यमशील बन्न सहयोग गरी उनीहरुको जीवनस्तर उकासेर आर्थिक रुपले सक्षम बनाउनु नै लघुवित्त वित्तीय संस्थाहरुको प्रमुख उद्देश्य रहेको उल्लेख गर्नुभयो ।

लघुवित्त वित्तीय संस्थाहरु नाफा भन्दा सेवामुखी हुनु पर्नेमा गभर्नर डा. नेपालले जोड दिनुभयो। संस्थाले नाफाको केही अंश समाज र मुलुकको लागि खर्च गर्नुपर्ने दायित्वको स्मरण गराउनु हुँदै उहाँले बैंक तथा वित्तीय संस्थाहरुलाई जनताको घरदैलामा गई सेवा दिन आग्रह गर्नुभयो। साथै, सर्वसाधारणलाई अनुमतिपत्र प्राप्त वित्तीय संस्थाहरुसँग कारोबार गरी उद्योग व्यवसायमा लाग्न पनि उहाँले सल्लाह दिनुभयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले कुनै पनि काम सानो/ठुलो नहुने तथ्य उजागर गर्दै खाडी मुलुक तथा अन्य देशमा कठिन श्रम गर्नुको साटो स्वदेशमै पसिना बगाएमा आफ्नो मालिक आफैं हुन सकिने र देशलाई आत्मनिर्भर बन्न सहयोग पुग्ने धारणा पनि राख्नुभयो ।

# गभर्नर डा. नेपालबाट एकीकृत कारोबारको शुभारम्भ




गभर्नर डा. चिरंजीबि नेपालले भदौ १७ गते काठमाडौंमा साविक भिबोर विकास बैंक लिमिटेड र सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेड एकापसमा मिलेर बनेको भिबोर सोसाइटी डेभलपमेण्ट बैंक लिमिटेडको एकीकृत कारोबारको शुभारम्भ गर्नुभयो ।

उक्त कार्यक्रममा प्रमुख अतिथिका रुपमा मन्तव्य राख्नु हुँदै गभर्नर डा. नेपालले बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारण जनताबाट संकलन गरेको निक्षेपको होसियारीपूर्वक सही र समुचित प्रयोग गर्नुपर्ने बताउनु भयो । निक्षेपको गलत प्रयोग गर्ने संस्था समस्याग्रस्त हुने, सजायको भागीदार हुने र त्यसले जनताको विश्वास पनि गुमाउने उहाँले उल्लेख गर्नुभयो ।

नेपालका बैंक तथा वित्तीय संस्थाहरु अन्तर र्ष्ट्रिय स्तरको हुनु पर्नेमा जोड दिँदै गभर्नर डा. नेपालले विकास बैंकहरुमा पनि बासेल ३ लागु गरिने जानकारी सो कार्यक्रममा दिनुभयो । उहाँले तरकारी, चामल आदिको आयातको आँकडा प्रस्तुत गर्दै कृषि क्षेत्रमा लगानीको लागि प्रशस्त अवसरहरु रहेको तथ्य उजागर गर्नुभयो र बैंकहरुलाई जनताको घरदैलोमा पुग्न आग्रह गर्नुभयो ।

गभर्नर डा. नेपालले प्रविधिको दुरुपयोग गरी विभिन्न देशका बैंकहरुमा भएका ठगीका घटनाहरुको उदाहरण दिनु हुँदै नवीनतम र सुरक्षित सूचना प्रविधिको प्रयोग गरी जोखिम कम गर्न बैंक तथा वित्तीय संस्थाहरुलाई सुझाव दिनुभयो । सो कार्यक्रममा बैंकिङ व्यवसायमा अनुशासन, पारदर्शिता र इमान्दारिता जरुरी रहेको धारणा पनि उहाँले राख्नुभयो ।

## गभर्नर डा. नेपालबाट फिनलिको लोकार्पण




गभर्नर डा. चिरंजीबि नेपालले भदौ १७ गते प्रकाश कोइरालाद्वारा लिखित वित्तीय साक्षरता सम्बन्धी चित्र किताब फिनलिको (Financial Literacy Comics -Finlico) को चापागाउँस्थित बज्रवाराही उच्च माध्यमिक विद्यालयमा विमोचन गर्नुभयो ।

सो पुस्तकको विमोचन पश्चात् मन्तव्य दिनु हुँदै गभर्नर डा. नेपालले हरेक व्यक्तिलाई वित्तीय साक्षर बनाउनका लागि फिनलिको निकै उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । सजिलो तरिकाले वित्तीय ज्ञान अभिवृद्धि गर्दै पैसाको सदुपयोग गर्न तथा उद्यमी बनी आफ्नै खुट्टामा उभिन सिकाउने भएकोले फिनलिकोको विशेष महत्व रहेको विचार पनि उहाँले व्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा बैंक तथा वित्तीय संस्थासँग सम्बन्धित पदाधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । कार्यक्रममा विमोचित उक्त पुस्तक (फिनलिको) ३०० प्रति वितरणका लागि नेपाल राष्ट्र बैंकलाई हस्तान्तरण गरिएको थियो ।

## बैंक सुपरिवेक्षण विभागद्वारा गोष्ठी आयोजना

सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी (AML/CFT), ग्राहक पहिचान (KYC) र जोखिममा आधारित सुपरिवेक्षण (RBS) विषयमा बैंक सुपरिवेक्षण विभागले भदौ २४ गते काठमाडौंमा एक कार्यशाला गोष्ठीको आयोजना गऱ्यो ।

उक्त गोष्ठीको उद्घाटन सत्रमा डेपुटी गभर्नर शिबराज श्रेष्ठले सम्पत्ति शुद्धीकरणका लागि हुनसक्ने संभावित कारोबारलाई पहिचान गरी सोको निराकरण तर्फ सबै सरोकारवाला सजग हुनुपर्ने विचार व्यक्त गर्नुभयो । कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै बैंक सुपरिवेक्षण विभागका कार्यकारी निर्देशक नारायणप्रसाद पौडेलले विगत केही वर्ष यता सम्पत्ति शुद्धीकरण तथा आतंकवादी कार्यमा वित्तीय लगानी निवारणका लागि सुपरिवेक्षकीय पहुँचलाई थप प्रभावकारी बनाउँदै लगिनुका साथै जोखिममा आधारित सुपरिवेक्षण लागु गरिएको जानकारी गराउनु भयो ।

निर्देशक ऋषिकेश भट्ट र उपनिर्देशक वासुदेव भट्टराईले वार्ता प्रस्तुत गर्नुभएको सो कार्यक्रममा नेपाल राष्ट्र बैंकका अधिकृतहरु लगायत २८ वटा वाणिज्य बैंकका प्रतिनिधिहरुको सहभागिता रहेको थियो ।

# गभर्नर डा. नेपालद्वारा एनएमबी बैंक लिमिटेडको शाखा कार्यालयहरुको उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले भदौ १२ गते पाल्पाको तानसेनमा एनएमबी बैंक लिमिटेडको शाखा कार्यालयको उद्घाटन गर्नुभयो । उद्घाटन पश्चात् मन्तव्य दिनुहुँदै गभर्नर डा. नेपालले आर्थिक वृद्धिका प्रशस्त अवसरहरु रहेकोले नै बैंकका शाखाहरु विस्तार हुँदै गएको बताउनु भयो । स्थानीय व्यापारी तथा व्यवसायी एवम् आम जनताले बैंकिङ विस्तारको सक्दो लाभ लिनुपर्ने धारणा पनि उहाँले व्यक्त गर्नुभयो ।

सो अवसरमा गभर्नर डा. नेपालले निक्षेपकर्ताको तुलनामा कर्जा प्रवाह न्यून रहेको बताउनु हुँदै व्यापार तथा व्यवसाय मार्फत आय आर्जन गर्न र रोजगारी सिर्जना गरी आर्थिक तथा सामाजिक रुपमा योगदान दिन सुझाव दिनुभयो । उहाँले कृषि तथा पर्यटन जस्ता उत्पादनशील क्षेत्रमा बैंकले सुलभ तरिकाले ऋण प्रवाह गरी उत्पादनशील क्षेत्रलाई प्रोत्साहित गर्नुपर्ने बताउनु भयो ।

गभर्नर डा. नेपालले सोही दिन एनएमबी बैंक लिमिटेड, भैरहवा शाखाको पनि उद्घाटन गर्नुभयो । उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै उहाँले अन्तर्राष्ट्रिय विमानस्थल निर्माण तथा राजमार्ग विस्तारका कार्य समेत भइरहेकोले रुपन्देही जिल्ला र आसपासको क्षेत्रमा औद्योगिक तथा पर्यटनको धेरै राम्रा अवसरहरु रहेको बताउनु भयो । देश विकासका लागि उत्पादनशीलता बढाई देशमा नै रोजगारी सिर्जना गर्नुको विकल्प नरहेको उल्लेख गर्नुहुँदै उहाँले वैदेशिक रोजगारीमा जाने युवाहरूलाई



आफ्नै मुलुकमा काम गर्न सक्ने वातावरण बनाई बैंकले ऋण प्रवाह गर्नु पर्ने कुरा बताउनु भयो ।

कार्यक्रममा प्रचुर सम्भावना बोकेका क्षेत्रहरुमा वित्तीय संस्थाहरुले सुलभ सेवा प्रदान गरी लगानी मैत्री वातावरण बनाउनु पर्ने तथा स्थानीय जनताले पनि यस्ता अवसरहरुको लाभ लिई आफ्नो आय आर्जन वृद्धि गर्नुका साथै समग्र देश विकासमा योगदान पु्याउनु पर्ने विचार गभर्नर डा. नेपालले व्यक्त गर्नुभयो । बैंकहरुले सुलभ सेवा दिई देशको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिने विश्वास पनि उहाँले व्यक्त गर्नु भयो ।

## शपथ ग्रहण

अर्थ सचिव डा. शान्तराज सुवेदीले भदौ २३ गते सर्वोच्च अदालतका सम्माननीय प्रधान न्यायाधीश सुशीला कार्की समक्ष नेपाल राष्ट्र बैंकको सञ्चालक समिति सदस्यको शपथ ग्रहण गर्नुभयो ।



उक्त शपथ ग्रहण कार्यक्रममा गभर्नरको कार्यालयका निर्देशक राजेन्द्र पण्डित लगायत सर्वोच्च अदालतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

## विप्रेषण कम्पनी तथा मनिचेञ्जरहरुले चुक्ता पुँजी वृद्धि गर्नुपर्ने

विप्रेषण तथा मुद्रा सटही सम्बन्धी कार्य गर्ने संस्थाहरुले चुक्ता पुँजी वृद्धि गरी २०७४ असार मसान्तसम्ममा निम्न बमोजिम न्यूनतम चुक्ता पुँजी कायम गर्नुपर्ने व्यवस्था गरिएको विदेशी विनिमय व्यवस्थापन विभागले जनाएको छ ।

**विप्रेषण कम्पनीतर्फ**

१. विदेशस्थित प्रिन्सिपल कम्पनीको एजेण्ट भई विप्रेषणको कारोबार गर्ने कम्पनीहरुले रु. २ करोड ।
२. प्रिन्सिपल कम्पनी भई कारोबार गर्ने विप्रेषक कम्पनीहरुले रु. १० करोड ।
३. रेमिटान्स कार्ड जारी गर्ने विप्रेषण कम्पनीहरुले रु. २५ करोड ।

**मनिचेञ्जरतर्फ**

१. परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्ने संस्थाहरुले रु. १५ लाख ।
२. भारतीय रुपैयाँ खरिद/बिक्री र परिवर्त्य विदेशी मुद्राको खरिद कारोबार गर्ने संस्थाहरुले रु. २० लाख ।

# डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीद्वारा जनकपुर कार्यालयको निरीक्षण भ्रमण

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले भदौ ३ गते जनकपुर कार्यलयको निरीक्षण भ्रमण गर्नुभयो। सो क्रममा उहाँले जनकपुर कार्यालयका सबै फाँटहरुको कार्यपद्धतिको जानकारी लिनुका साथै कार्यालयले आयोजना गरेको स्वागत कार्यक्रमलाई सम्बोधन गर्नुभयो । सो सम्बोधनमा उहाँले नेपाल राष्ट्र बैंकका काम कारवाही, पछिल्ला घटनाक्रम, कर्मचारीहरुका माग तथा वृत्ति विकास, देशको आर्थिक परिवेशका साथै अन्य समसामयिक विषयहरुका बारेमा प्रकाश पार्नुभयो ।



जनकपुर कार्यालयका कर्मचारीहरुको उपस्थिति रहेको उक्त कार्यक्रममा जनकपुर कार्यालयका निर्देशक मुकुन्द महतले जनकपुर कार्यालयका काम कारवाही तथा स्थानीय स्तरका समस्याहरुका बारेमा डेपुटी गभर्नर शिवाकोटीलाई अवगत गराउनु भएको थियो । सो अवसरमा उपनिर्देशक केशवप्रसाद तिमल्सिनाले स्वागत मन्तव्य राख्नु भएको थियो भने उपनिर्देशक (क.) रामवृक्ष पण्डितले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

कार्यक्रममा नेपाल राष्ट्र बैंक कर्मचारी संघ, जनकपुर कार्यालयका उपाध्यक्ष शिवनारायण झा, नेपाल वित्तीय संस्था कर्मचारी संघ, जनकपुर कार्यालयका अध्यक्ष गंगेशकुमार झा तथा नेपाल राष्ट्रिय कर्मचारी संगठन, जनकपुर कार्यालयका अध्यक्ष उदयकुमार मण्डलले कर्मचारीको वृत्ति विकास र संस्थागत सुधार सम्वन्धमा आ-आफ्ना धारणाहरु व्यक्त गर्नुभएको थियो ।

# आर्थिक तथा बैंकिङ तथ्यांक सम्बन्धी गोष्ठी

विराटनगर कार्यालयले भदौ १३ गते सुनसरी जिल्लाको इटहरीमा आर्थिक तथा बैंकिङ तथ्यांक सम्बन्धी गोष्ठी आयोजना गऱ्यो ।

उक्त गोष्ठीमा विराटनगर कार्यालयका निर्देशक रामु पौडेलले उपस्थित सबैलाई धन्यवाद दिँदै सहभागीहरुको तर्फबाट उठान भएका सुझाव, जिज्ञासा एवम् विषयवस्तुलाई सम्बोधन गर्नुभयो । साथै, सहभागीहरुबाट प्राप्त भएका सुझावहरुलाई नेपाल राष्ट्र बैंकको नीति निर्माण गर्ने सम्बन्धित विभागमा प्रवाह गर्ने एवम् क्षेत्रीय स्तरको कार्यालयको हैसियतले गर्न सक्ने सहयोग तथा समन्वयलाई आगामी दिनहरुमा अझ प्रभावकारी बनाउदै लैजाने प्रतिबद्धता पनि उहाँले व्यक्त गर्नुभयो । उपनिर्देशक तुलसीप्रसाद घिमिरेले विराटनगर कार्यालयले गर्ने तथ्यांक संकलनका सम्बन्धमा संक्षेपमा प्रकाश पार्नुभयो ।



विराटनगर कार्यालयले नियमित रुपमा गर्ने गरेको वार्षिक तथा अर्धवार्षिक आर्थिक गतिविधि सम्बन्धी अध्ययन प्रतिवेदन तयार पार्ने सिलसिलामा आयोजना गरिएको उक्त कार्यक्रममा उपनिर्देशक सिर्जना बाँस्तोला तथा सहायक निर्देशक राजेश घिमिरेले विराटनगर कार्यालयले संकलन र प्रशोधन गर्ने आर्थिक तथा बैंकिङ तथ्यांकको उपयोग, महत्व र समस्या सम्बन्धमा संक्षिप्त कार्यपत्र प्रस्तुत गर्नुभयो ।

विराटनगर कार्यालयका सहायक निर्देशक विना ढकालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको र सहायक रामकृष्ण राईले सञ्चालन गर्नुभएको सो कार्यक्रममा झापा, इलाम, मोरङ, सुनसरी, धनकुटा र सप्तरी स्थित तथ्यांक संकलन गरिने सरकारी कार्यालयहरु, औद्योगिक एवम् व्यापारिक प्रतिष्ठान, बैंक तथा वित्तीय संस्था, सहकारी एवम् कृषि क्षेत्रका प्रतिनिधिहरु सहित स्थानीय उद्योग तथा व्यापार, संघ संगठन र प्रतिष्ठानका उच्च पदस्थ व्यक्तित्वहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

सहभागीहरुले कार्यक्रम अत्यन्तै राम्रो भएको भन्दै यस्ता कार्यक्रमहरुलाई निरन्तरता दिनु पर्ने विचार व्यक्त गरेका थिए ।

# पूर्व सेवाकालीन तालिम कार्यक्रम सम्पन्न

डेपुटी गभर्नर शिवराज श्रेष्ठले भदौ ५ गते बैंकर्स प्रशिक्षण केन्द्रमा पूर्व सेवाकालीन (Pre-service) तालिमको उद्घाटन गर्नुभयो । उद्घाटन मन्तव्यमा उहाँले नवनियुक्त अधिकृत कर्मचारीहरुलाई स्वागत गर्नुको साथै बैंकको प्रमुख कार्यहरुको बारेमा जानकारी दिनुभयो ।




प्रशासन सेवातर्फको सहायक निर्देशक (अधिकृत तृतीय) पदमा भदौ १ गते नियुक्त हुनु भई सेवा प्रवेश गर्नु भएका २३ जना अधिकृत कर्मचारीहरुको लागि आयोजना गरिएको सो तालिम कार्यक्रमको समापन भदौ १० गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीको प्रमुख आतिथ्यमा भयो । समापन कार्यक्रममा उहाँले नवनियुक्त अधिकृत कर्मचारीहरुलाई प्रमाण-पत्र वितरण गर्नुको साथै प्रेरणामूलक मन्तव्य दिनुभयो ।

कायम मुकायम निर्देशक रामप्रसाद गौतमले धन्यवाद ज्ञापन गर्नु भएको उक्त तालिम कार्यक्रमको सञ्चालन उपनिर्देशक विष्णुप्रसाद खनाल र सहायक निर्देशक रबिन्द्र बज्राचार्यले गर्नु भएको थियो ।

# डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीबाट ताम्रपत्रको अनावरण

भदौ ११ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले कन्चनपुर जिल्लाको श्रीपुर बेलोरीमा 'घोडीघोडा लघुवित्त वित्तीय संस्था लि' को एक समारोह बीच ताम्रपत्रको अनावरण गर्नुभयो ।

ताम्रपत्रको अनावरण पश्चात् मन्तव्यको क्रममा डेपुटी गभर्नर शिवाकोटीले घोडीघोडा लघुवित्त वित्तीय संस्थाले लगानीका लागि बीमा भएका नयाँ क्षेत्र पहिल्याउनु पर्ने, संस्थाका जिम्मेवार व्यक्तिहरूले नियमपूर्वक आर्थिक कारोबार गर्नुपर्ने, धितोको मूल्याङ्कन सही तरिकाले गर्नुपर्ने तथा कर्जाको सदुपयोग गर्नुपर्ने कुरामा जोड दिँदै उक्त संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्नुभयो । उक्त कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले पनि संस्थाको प्रगतिको लागि शुभकामना दिनु भएको थियो ।

भदौ १२ गते डेपुटी गभर्नर चिन्तामणि शिवाकोटीले नेपाल राष्ट्र बैंक, धनगढी कार्यालयको अवलोकन भ्रमण गर्नुभयो ।

सो अवसरमा धनगढी कार्यालयद्वारा आयोजित स्वागत तथा भेटघाट कार्यक्रममा उहाँले आफ्ना भनाइहरु राख्दै कर्मचारीहरूबीच भाइचाराको सम्बन्ध मार्फत संस्थाको गरिमा उच्च राख्नु पर्ने, बैंक तथा वित्तीय संस्थाको नियमित निरीक्षण तथा अनुगमन गर्नुपर्ने, सफानोट नीतिको अनिवार्य पालना गर्नु ⁄ गराउनु पर्ने कुरामा जोड दिनुभयो । नेपाल राष्ट्र बैंकले सम्पन्न गर्दै गरेका काम तथा सामना गर्नुपर्ने चुनौतीका बारेमा पनि उहाँले प्रकाश पार्नुभयो ।

उक्त स्वागत तथा भेटघाट कार्यक्रममा धनगढी कार्यालयका निर्देशक विश्रुत थापाले धनगढी कार्यालयको काम कारवाही तथा वर्तमान अवस्थाका बारेमा र युनियनका अध्यक्षहरूले कार्यालय तथा कर्मचारीका समस्याहरुका बारेमा डेपुटी गभर्नर शिवाकोटीलाई अवगत गराउनु भएको थियो ।

# सञ्चालक अर्याल फ्रान्समा



सञ्चालक समितिका सदस्य रामहरि अर्याल 6TH ECONOMICS AND FINANCE CONFERENCE मा सहभागी भई सेप्टेम्बर १६ मा स्वदेश फर्कनु भयो । PARIS, FRANCE मा आयोजित उक्त सम्मेलनमा सहभागी हुन उहाँ सेप्टेम्बर ४ मा त्यसतर्फ प्रस्थान गर्नुभएको थियो ।

# डेपुटी गभर्नर शिवाकोटी वार्षिक बैठकमा

डेपुटी गभर्नर चिन्तामणि शिवाकोटी CALIFORNIA, USA मा आयोजित 19TH APG ANNUAL MEETING मा सहभागी भई सेप्टेम्बर ७ मा स्वदेश फर्कनु भयो । उहाँ सो बैठकमा सहभागी हुन सेप्टेम्बर १ मा त्यसतर्फ प्रस्थान गर्नुभएको थियो । वित्तीय जानकारी एकाइका उपनिर्देशक हरिकुमार नेपालको पनि उक्त बैठकमा सहभागिता रहेको थियो ।

# आर्थिक गतिविधि तथा विशेष अध्ययन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम

अनुसन्धान विभागले उपत्यका बाहिरका कार्यालयहरुका अनुसन्धान एकाइमा कार्यरत अधिकृतहरुका लागि भदौ २३ र २४ गते बैंकर्स प्रशिक्षण केन्द्र, थापाथलीमा "आर्थिक गतिविधि तथा विशेष अध्ययन सम्बन्धी प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम" आयोजना गऱ्यो । उक्त कार्यक्रममा अनुसन्धान विभागका कार्यकारी निर्देशक नरबहादुर थापाले प्रमुख आतिथ्यता ग्रहण गर्नुका साथै "आर्थिक गतिविधि अध्ययन तथा विशेष अध्ययनको प्रकृया, स्वरुप एवम् महत्व" विषयमा वार्ता प्रस्तुत गर्नुभयो ।




कार्यक्रममा वार्ता प्रस्तुत गर्दै कार्यकारी निर्देशक थापाले आर्थिक गतिविधिसँग सम्बन्धित सूचना एवम् तथ्याङ्क संकलनको लागि नेपाल राष्ट्र बैंकले वि. सं. २०२५ मा बैंकका उपत्यका बाहिर रहेका शाखा तथा उपशाखा कार्यालयहरुमा सम्वाददाता फाँटको व्यवस्था गरेको तथा स्थानीय आर्थिक गतिविधिहरुको जानकारी तोकिएको ढाँचामा अनुसन्धान विभागमा समय-समयमा पठाउनुपर्ने गरी उक्त फाँटको कार्य तोकिएको र वि. सं. २०३२ मा सम्वाददाता फाँटलाई क्षेत्रीय अनुसन्धान केन्द्रमा परिणत गरिएको बताउनु भयो । क्षेत्रीय अनुसन्धान केन्द्रको कार्यलाई व्यवस्थित गर्न सर्वप्रथम वि. सं. २०३२ मा निर्देशिका कार्यान्वयनमा ल्याइएको तथा यसलाई वि. सं २०३८, वि. सं. २०४४, वि. सं. २०४९, वि. सं.२०६७ र वि. सं. २०७० मा समयानुकूल परिमार्जन गरी हालको अवस्थामा आइपुगेको बताउनु हुँदै उहाँले आर्थिक क्षेत्रमा जटिलताहरु थपिँदै गएको परिवेशमा आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन एवम् आकस्मिक अध्ययनलाई अझै व्यवस्थित र विश्वसनीय बनाउन बैंकको अनुसन्धान विभाग र उपत्यका बाहिरका कार्यालयहरुका अनुसन्धान एकाइहरुमा कार्यरत सबै जिम्मेवार कर्मचारीहरु सधैं क्रियाशील रहनुपर्ने बताउनु भयो ।



अनुसन्धान विभागका निर्देशक प्रदीपराज पौड्यालले स्वागत मन्तव्य प्रकट गर्दै कार्यक्रमको उद्देश्य तथा महत्व माथि प्रकाश पार्नु भएको थियो । उपनिर्देशक डा. रामशरण खरेलले "उपत्यका बाहिरका कार्यालयहरुबाट गरिएका विशेष अध्ययनहरुको अवस्था र सुधारका संभावना" विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो । उपनिर्देशक श्री माधव दंगालले "Proposal and Report Writing" विषयमा वार्ता प्रस्तुत गर्नु भएको थियो । त्यसैगरी, सहायक निर्देशकद्वय आशबहादुर थापा र मनोज कुमार के. सी. ले "स्थलगत अध्ययन तथा प्रतिवेदन लेखन" विषयमा वार्ता प्रस्तुत गर्दै आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७० बमोजिम आर्थिक गतिविधि अध्ययनका क्रममा तथ्याङ्क संकलनदेखि प्रतिवेदन लेखनसम्मका कार्यहरुलाई व्यवस्थित बनाउन अपनाउनु पर्ने विधिहरु वर्णन, उक्त कार्यमा अनुभव गरिएका विभिन्न समस्याहरुको पहिचान एवम् समाधानका संभावनाहरु प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा उपत्यका बाहिरका प्रत्येक कार्यालयहरुबाट २/२ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । प्रत्येक कार्यालयका सहभागीहरुलाई आर्थिक गतिविधि अध्ययन, विशेष अध्ययन तथा आकस्मिक अध्ययनका क्रममा आ-आफ्ना अनुभवहरु एवम् आवश्यक सुझावहरु प्रस्तुत गर्न समय दिइएको थियो । सबै सहभागीहरुबाट कार्यक्रम अत्यन्त उपयोगी भएको प्रतिक्रिया प्राप्त भएको थियो ।

# कार्यकारी निर्देशक तथा निर्देशकहरु अन्तर्राष्ट्रिय कार्यक्रममा

जनशक्ति व्यवस्थापन विभागका कार्यकारी निर्देशक त्रिलोचन पंगेनी 14TH PAYMENT AND SETTLEMENT SYSTEM विषयक कार्यक्रममा सहभागी हुन अगस्त २३ मा HELSINKI, FINLAND तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ७ मा स्वदेश फर्कनु भयो । विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक राजेन्द्र पौडेल पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

बैंकिङ कार्यालयका कार्यकारी निर्देशक जनकबहादुर अधिकारी OBSERVATION TOUR OF MICROFINANCING SYSTEM OF SRI LANKA मा सहभागी हुन अगस्त २८ मा COLOMBO, SRI LANKA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ५ मा स्वदेश फर्कनु भयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक भिष्मराज ढुंगाना GOLD RESERVE MANAGEMENT विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर १४ मा LONDON, UNITED KINGDOM तर्फ प्रस्थान गर्नुभयो । सोही विभागका उपनिर्देशक ईश्वरीप्रसाद भट्टराई पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो । उहाँहरुको क्रमश: सेप्टेम्बर २६ र अक्टोबर ४ मा स्वदेश फर्कने कार्यक्रम छ ।

वित्त व्यवस्थापन विभागका कार्यकारी निर्देशक ख्यामनारायण ढकाल WORKSHOP ON APPLYING AML/CFT CONTROLS TO DELEGATED NON-FINANCIAL BUSINESSES AND PROFESSIONS मा सहभागी हुन अगस्त २० मा SEOUL, KOREA तर्फ प्रस्थान गर्नुभई अगस्त २९ मा स्वदेश फर्कनु भयो । उपनिर्देशकहरु विकास बैंक सुपरिवेक्षण विभागका हीरादेवी विष्ट र वित्त व्यवस्थापन विभागका आनन्द पौड्याल तथा सहायक निर्देशकहरु बैंक तथा वित्तीय संस्था नियमन विभागका शर्मिला श्रेष्ठ र वित्त व्यवस्थापन विभागका रामेश्वर पोखरेल पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

अनुसन्धान विभागका निर्देशक डा. गोपालप्रसाद भट्ट र बैंकर्स प्रशिक्षण केन्द्रका का.मु.निर्देशक रामप्रसाद गौतम HIGH LEVEL SEMINARS FOR DIRECTORS OF RESEARCH AND TRAINING मा सहभागी हुन अगस्त १४ मा PAPUA NEW GUINEA तर्फ प्रस्थान गर्नुभई अगस्त २३ मा स्वदेश फर्कनु भयो ।

गभर्नरको कार्यालयका निर्देशक डा. प्रकाशकुमार श्रेष्ठ 24TH SAARCHFINANCE COORDINATORS' MEETING मा सहभागी हुन अगस्त ३० मा COLOMBO, SRI LANKA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ४ मा स्वदेश फर्कनु भयो ।

लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका निर्देशक बलराम पराजुली 8TH AFI GLOBAL POLICY FORUM मा सहभागी हुन सेप्टेम्बर ५ मा NADI, FIJI तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर १७ मा स्वदेश फर्कनु भयो ।

जनकपुर कार्यालयका निर्देशक मुकुन्द महत PAYMENT SYSTEMS AND INSTRUMENTS विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ३ मा ISTANBUL, TURKEY तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर १२ मा स्वदेश फर्कनु भयो । बैंकिङ कार्यालयका उपनिर्देशक खेमराज पौडेल पनि सो कार्यक्रममा सहभागी हुनुहुन्थ्यो ।

सिद्धार्थनगर कार्यालयका निर्देशक रेवतीप्रसाद नेपाल DEVELOPING MANAGERIAL DECISION MAKING SKILLS FOR MARKETING COOPERATIVES विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ५ मा BHUVANESHWAR, INDIA तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर १२ मा स्वदेश फर्कनु भयो । नेपालगञ्ज कार्यालयका उपनिर्देशक मुकुन्दराज पौडेल तथा सहायक निर्देशकहरु भुक्तानी प्रणाली विभागका दीपक पोखरेल र लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका छविलाल शर्मा पौडेलको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

संस्थागत योजना विभागका का. मु. निर्देशक किशोरकुमार ढकाल HUMAN CAPITAL MANAGEMENT AND TALENT DEVELOPMENT विषयक कार्यक्रममा सहभागी हुन अगस्त २० मा KUALA LUMPUR, MALAYSIA तर्फ प्रस्थान गर्नुभई अगस्त ३१ मा स्वदेश फर्कनु भयो । सोही विभागका उपनिर्देशक राजनविक्रम थापाको पनि सो कार्यक्रममा सहभागिता रहेको थियो ।

# अन्तर्राष्ट्रिय कार्यक्रमहरुमा सहभागिता

पोखरा कार्यालयका उपनिर्देशक इन्द्रप्रसाद अधिकारी, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभागका सहायक निर्देशक सियाराम चौधरी तथा वित्त व्यवस्थापन विभागका सहायक निर्देशकहरु शशीदेवी कर्ण र विष्णुकुमारी थापा REGIONAL SEMINAR ON FINTECH IN CAPITAL MARKET: NEW ECOSYSTEM FOR MARKET BASED FINANCING DEVELOPMENT AND FINANCIAL INCLUSION मा सहभागी हुन अगस्त २१ मा BANGKOK, THAILAND तर्फ प्रस्थान गर्नुभई अगस्त २७ मा स्वदेश फर्कनु भयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक विरेन्द्रदत्त अवस्थी तथा बैंकिङ कार्यालयका सहायक निर्देशकहरु जितेन्द्रनाथ झा र लक्ष्मणसिं बोहरा INTERNATIONAL PROGRAM ON MANAGEMENT OF RURAL FINANCING INSTITUTIONS AND COOPERATING FOR RURAL DEVELOPMENT मा सहभागी हुन अगस्त २० मा HYDERABAD, INDIA तर्फ प्रस्थान गर्नुभई अगस्त ३० मा स्वदेश फर्कनु भयो ।

मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक वीरकाजी शाक्य तथा सहायक निर्देशकहरु अनुसन्धान विभागका राजीव शर्मा रेग्मी,

बाँकी ९ पेजमा

बैंक सुपरिवेक्षण विभागका बिमुल मानन्धर र विकास बैंक सुपरिवेक्षण विभागका श्यामप्रसाद ढकाल THE SEACEN COURSE ON MACROPRUDENTIAL POLICY मा सहभागी हुन अगस्त १९ मा PAPUA NEW GUINEA तर्फ प्रस्थान गर्नुभयो । उहाँहरु मध्ये शाक्य सेप्टेम्बर १ मा, रेग्मी सेप्टेम्बर ३ मा तथा मानन्धर र ढकाल सेप्टेम्बर ११ मा स्वदेश फर्कनु भयो ।

मुद्रा व्यवस्थापन विभागका उपनिर्देशक रुद्रबहादुर घिमिरे HUMAN RESOURCE MANAGEMENT विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ३ मा FRANKFURT, GERMANY तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २२ मा स्वदेश फर्कनु भयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक देवेन्द्र गौतम MEETING ON THE NEW EXPECTED LOSS PROVISIONING FRAMEWORK AND THE REVISED STANDARDISED APPROACH FOR CREDIT RISK मा सहभागी हुन सेप्टेम्बर २ मा HONG KONG तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ८ मा स्वदेश फर्कनु भयो ।

बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक बुद्धराज शर्मा LIQUIDITY ANALYSIS AND LIQUIDITY MANAGEMENT विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ११ मा FRANKFURT, GERMANY तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २२ मा स्वदेश फर्कनु भयो ।

जनशक्ति व्यवस्थापन विभागका उपनिर्देशक शशीधर अर्याल FINANCIAL CONSUMER PROTECTION विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ११ मा FRANKFURT, GERMANY तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर २६ मा स्वदेश फर्कनु भयो ।

उपनिर्देशकहरु अनुसन्धान विभागका दुर्गेशगोपाल श्रेष्ठ र राष्ट्र ऋण व्यवस्थापन विभागका दिवाकर पोखरेल तथा सहायक निर्देशकहरु अनुसन्धान विभागका मीनप्रसाद पोखरेल र धनगढी कार्यालयका विष्णुदत्त पाण्डे SEACEN SIGNATURE COURSE ON MACROECONOMIC AND MONETARY POLICY मा सहभागी हुन अगस्त २६ मा SEOUL, SOUTH KOREA तर्फ प्रस्थान गर्नुभयो । उहाँहरु मध्ये श्रेष्ठ तथा पाण्डे सेप्टेम्बर ४ मा र पोखरेलद्वय र ढकाल सेप्टेम्बर ६ मा स्वदेश फर्कनु भयो ।

सहायक निर्देशकहरु वित्तीय जानकारी एकाइका कृष्णप्रसाद गौतम र कानुन महाशाखाका रेशमराज रेग्मी TECHNICAL ASSISTANCE AND TRAINING WORKING GROUP OF EGMONT GROUP OF FINANCIAL INTELLIGENCE UNITS-AD-HOC MEETING मा सहभागी हुन अगस्त २२ मा WARSAW, POLAND तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ३ मा स्वदेश फर्कनु भयो ।

जनशक्ति व्यवस्थापन विभागका सहायक निर्देशक सुधा श्रेष्ठ ZURICHER KANTONALBANK'S FIRST CENTRAL BANK SEMINAR मा सहभागी हुन अगस्त २६ मा ZURICH, SWITZERLAND तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ९ मा स्वदेश फर्कनु भयो ।

विकास बैंक सुपरिवेक्षण विभागका सहायक निर्देशक सन्तोषकुमार लुईटेल MEETING ON THE NEW EXPECTED LOSS PROVISIONING FRAMEWORK AND THE REVISED STANDARDISED APPROACH FOR CREDIT RISK मा सहभागी हुन सेप्टेम्बर २ मा HONG KONG तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर ९ मा स्वदेश फर्कनु भयो ।

कानुन महाशाखाका सहायक निर्देशकहरु हेमराज अधिकारी र योगराज शर्मा FINANCIAL SECTORS LEGAL FRAMEWORKS विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर ३ मा SINGAPORE तर्फ प्रस्थान गर्नुभई सेप्टेम्बर १२ मा स्वदेश फर्कनु भयो ।

विदेशी विनिमय व्यवस्थापन विभागका सहायक निर्देशक डण्डप्रसाद खरेल RESERVE MANAGEMENT विषयक कार्यक्रममा सहभागी हुन सेप्टेम्बर १६ मा WARTH, SWITZERLAND तर्फ प्रस्थान गर्नुभयो । उहाँ सेप्टेम्बर २७ मा स्वदेश फर्कने कार्यक्रम छ ।

## नियुक्ति/पदस्थापन/कामकाज

प्रशासन सेवा तर्फको अधिकृत तृतीय पदमा खुल्ला प्रतियोगितामा सफल हुनु भएका उम्मेदवारहरुलाई भदौ १ गते नियुक्ति दिई विभिन्न विभाग/कार्यालय/एकाइमा पदस्थापन गरिएको छ ।

यसरी नियुक्त हुनु भएका अधिकृत तृतीय (सहायक निर्देशक)हरु मध्ये टीकाराम तिमिल्सिना, चाँदनी गुप्ता, विशाल शर्राफ र प्रशान्तबल्लभ पन्तको वीरगञ्ज कार्यालयमा, पुष्करराज भट्टराईको जनकपुर कार्यालयमा, दिपेश प्रधानको वित्तीय जानकारी एकाइ (कामकाज पोखरा कार्यालय) मा, सुनिल कोइरालाको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज विराटनगर कार्यालय) मा, ध्रुव कार्की, भोजराज भट्ट र चोपकान्त सुवेदीको नेपालगञ्ज कार्यालयमा पदस्थापन भएको छ ।

यसैगरी, रामप्रसाद न्यौपानेको सिद्धार्थनगर कार्यालयमा, सुदिप त्रिपाठीको सामान्य सेवा विभाग (कामकाज पोखरा कार्यालय) मा, यसोधा पोखरेलको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज बैंकिङ कार्यालय) मा, पृथु शर्मा बिनाडी र पुष्पराज शर्मा बिनाडीको धनगढी कार्यालयमा, मञ्जु पौड्यालको राष्ट्र ऋण व्यवस्थापन विभागमा र सुधा विष्ट थापाको संस्थागत योजना विभाग (कामकाज पोखरा कार्यालय) मा पदस्थापन भएको छ ।

CA/ACCA/CPA तर्फ सफल हुनु भएका उम्मेदवारहरु मध्ये रागनी सिंहको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज वित्त व्यवस्थापन विभाग) मा, नवराज सुनुवारको विदेशी विनिमय व्यवस्थापन विभाग (कामकाज बैंकिङ कार्यालय) मा, सजन ढकालको सामान्य सेवा विभागमा, पुष्पचन्द्र खनालको बैंक सुपरिवेक्षण विभाग (कामकाज आन्तरिक लेखापरीक्षण विभाग) मा, अभियान उपाध्यायको बैंक सुपरिवेक्षण विभाग (कामकाज मुद्रा व्यवस्थापन विभाग) मा र आकृति के. सी. को विकास बैंक सुपरिवेक्षण विभाग (कामकाज बैंकिङ कार्यालय) मा पदस्थापन भएको छ ।

नवनियुक्त सबै सहायक निर्देशकहरुलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

# देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति

## (आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनाको तथ्याङ्कमा आधारित)

### आर्थिक परिदृश्य

यस वर्ष मनसुन अनुकूल रहेको, बालीनालीमा उल्लेख्य महामारी रोग/कीराको प्रकोप नदेखिएको र रासायनिक मलका साथै किटनासक औषधीको उपलब्धता पनि सामान्य रहेकोले कृषि उत्पादनमा सकारात्मक प्रभाव पर्ने अपेक्षा छ । चालू आर्थिक वर्षमा पुँजीगत खर्चमा उल्लेख्य वृद्धि गर्नुका साथै सोको कार्यान्वयनका लागि जोड दिइएको एवम् पुनर्निर्माण कार्यले गति लिने सन्दर्भमा औद्योगिक क्षेत्र अन्तर्गत निर्माण सम्बद्ध उद्योगहरुको साथै समग्र उद्योग क्षेत्रको क्षमता उपयोग तथा उत्पादनमा विस्तार हुने अपेक्षा रहेको छ ।

गत वर्षको भूकम्प एवम् बन्द हड्तालका कारण सुस्त रहँदै आएको पर्यटन क्षेत्र समीक्षा अवधिसम्म पुनरुत्थान हुन सकेको छैन । वर्षात् एवम् अफ-सिजन समेत भएकोले पर्यटक स्तरीय होटलहरुमा बेड अकुपेन्सी दर औसत ३० प्रतिशतको हाराहारीमा रहेको अनुमान छ । मुलुकको आर्थिक गतिविधिलाई चलायमान बनाउनमा प्रत्यक्ष एवम् परोक्षरुपमा उल्लेख्य भूमिका निर्वाह गर्दै आएको विप्रेषण आप्रवाहको वृद्धि कमजोर हुँदै आएकोले यसबाट सेवा क्षेत्रको वृद्धिका साथै समग्र आर्थिक वृद्धिदर नै प्रभावित हुने जोखिम भने देखिएको छ ।

### मुद्रास्फीति

वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीति २०७३ साउन महिनामा ८.६ प्रतिशत रहेको छ । खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ९.३ प्रतिशत पुगेको छ । चिनी तथा चिनीजन्य पदार्थको मूल्य १९.५ प्रतिशत, दलहन तथा गेडागुडीको मूल्य १८.७ प्रतिशत, तरकारीको मूल्य १७.९ प्रतिशत र फलफूलको मूल्य १७.५ प्रतिशतले वृद्धि भएको छ । गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति ८.१ प्रतिशत पुगेको छ । लत्ताकपडा तथा जुत्ताको मूल्य ११.२ प्रतिशत र घरायसी सामान तथा सेवाको मूल्य ९.७ प्रतिशतले वृद्धि भएको छ ।

समीक्षा अवधिमा क्षेत्रगत आधारमा उपभोक्ता मुद्रास्फीति पहाडमा १०.९ प्रतिशत, तराईमा ८.५ प्रतिशत, हिमालमा ७.१ प्रतिशत र काठमाडौं उपत्यकामा ७ प्रतिशत रहेको छ । नेपाल र भारतबीचको उपभोक्ता मुद्रास्फीति अन्तर ३.५ प्रतिशत (नेपाल ८.६ प्रतिशत, भारत ५.१ प्रतिशत) रहेको छ ।

समीक्षा अवधिमा वार्षिक बिन्दुगत थोक मुद्रास्फीति दर ५.९ प्रतिशत रहेको छ । कृषिजन्य वस्तुहरूको मूल्य सूचकाङ्क ९.६ प्रतिशतले र स्वदेशमा उत्पादित वस्तुहरूको मूल्य सूचकाङ्क ६ प्रतिशतले वृद्धि भएको छ भने आयातीत वस्तुहरूको मूल्य सूचकाङ्क २.८ प्रतिशतले घटेको छ ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

समीक्षा अवधिमा वार्षिक बिन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १४.९ प्रतिशतले वृद्धि भएको छ । तलब सूचकाङ्कमा १८.३ प्रतिशत र ज्यालादर सूचकाङ्कमा १४ प्रतिशतले वृद्धि भएको छ । निजामती सेवा, सैनिक तथा प्रहरी बल र शिक्षा उप-समूहहरूको तलब सूचकाङ्क क्रमशः २४.२ प्रतिशत, २३.६ प्रतिशत र २०.७ प्रतिशतले वृद्धि भएको छ । निर्माण मजदुर, कृषि मजदुर र औद्योगिक मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः २१.८ प्रतिशत, १३.९ प्रतिशत र ११.७ प्रतिशतले वृद्धि भएको छ ।

### वैदेशिक व्यापार

आर्थिक बर्ष २०७३/७४ को पहिलो महिनामा कुल वस्तु निर्यात ७.७ प्रतिशतले वृद्धि भई रु. ६ अर्ब ९६ करोड पुगेको छ । भारततर्फ ०.८ प्रतिशत, चीनतर्फ ५८.५ प्रतिशत र अन्य मुलुकतर्फ १६.१ प्रतिशतले निर्यात बढेको छ । कुल वस्तु आयात १३ प्रतिशतले बढेर रु. ७० अर्ब ७२ करोड पुगेको छ । भारतबाट भएको आयात ९.५ प्रतिशत, चीनबाट भएको आयात १०.५ प्रतिशत र अन्य मुलुकबाट भएको आयात २६.२ प्रतिशतले बढेको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, सुख्खा बन्दरगाह, नेपालगंज, कैलाली र वीरगञ्ज भन्सारबाट भएको निर्यातमा वृद्धि भए तापनि अन्य भन्सार नाकाहरूबाट भएको निर्यातमा कमी आएको छ । आयाततर्फ वीरगञ्ज, बिराटनगर र त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार नाकाबाट भएको आयातमा कमी आएको छ भने अन्य नाकाबाट भएको आयातमा वृद्धि भएको छ ।

समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा १३.६ प्रतिशतले बढी रु. ६३ अर्ब ७६ करोड पुगेको छ । निर्यात-आयात अनुपात ९.८ प्रतिशत रहेको छ ।

### निर्यात आयात मूल्य सूचकाङ्क

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा भन्सार तथ्याङ्कमा आधारित निर्यातको एकाइ मूल्य सूचकाङ्क (Unit Value Index) वार्षिक बिन्दुगत आधारमा १६.५ प्रतिशतले वृद्धि भएको तर आयात मूल्य सूचकाङ्कमा ४.५ प्रतिशतले कमी आएकोले व्यापारको सर्त (Terms of Trade) मा २२ प्रतिशतले सुधार भएको छ ।

### सेवा तथा विप्रेषण आप्रवाह

समीक्षा अवधिमा कुल सेवा आय १.५ प्रतिशतले घटेको र कुल सेवा खर्च १४.८ प्रतिशतले बढेको कारण खुद सेवा आय घाटा रु. ३ अर्ब २१ करोड पुगेको छ । पर्यटन आय ४९.४ प्रतिशतले वृद्धि भई रु. ३ अर्ब ६२ करोड पुगेको छ । विप्रेषण आप्रवाह २.५ प्रतिशतले घटी रु. ५१ अर्ब ९४ करोड पुगेको छ । खुद ट्रान्सफर आय २.५ प्रतिशतले कमी आई रु. ५९ अर्ब ७९ करोड पुगेको छ ।

### चालू खाता एवम् शोधनान्तर स्थिति

चालू खाता विप्रेषण आप्रवाह र वैदेशिक अनुदान घटेको कारण समीक्षा अवधिमा रु. २ अर्ब ३२ करोडले घाटामा रहेको छ । समग्र

बाँकी ११ पेजमा

शोधनान्तर रु. २ अर्ब १३ करोडले घाटामा रहेको छ। पुँजीगत ट्रान्सफर रु. ६१ करोड र प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह रु. १ अर्ब २३ करोड रहेको छ।

**विदेशी विनिमय सञ्चिति**

कुल विदेशी विनिमय सञ्चिति २०७३ साउन मसान्तमा रु. १०४१ अर्ब ९७ करोड पुगेको छ। कुल विदेशी विनिमय सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ८८१ अर्ब ४७ करोड पुगेको छ। बैंक तथा वित्तीय संस्थाहरू (नेपाल राष्ट्र बैंक बाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति रु. १६० अर्ब ४९ करोड पुगेको छ। कुल सञ्चितिमा भारतीय मुद्रा सञ्चितिको अंश २२ प्रतिशत रहेको छ।

**सञ्चिति पर्याप्तता सूचकहरू**

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १५.१ महिनाको वस्तु आयात र १२.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ। विदेशी विनिमय सञ्चितिको कुल गार्हस्थ्य उत्पादन, कुल आयात र विस्तृत मुद्राप्रदायसँगका अनुपातहरू क्रमशः ४६.३ प्रतिशत, १०६ प्रतिशत र ४६.३ प्रतिशत रहेका छन्।

**कच्चा पेट्रोलियम तथा सुनको मूल्य र विनिमय दर प्रवृत्ति**

अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७३ साउन मसान्तमा १ प्रतिशतले वृद्धि भई प्रति ब्यारल अमेरिकी डलर ४८.२७ कायम भएको छ। सुनको मूल्य २०७३ साउन मसान्तमा २०.१ प्रतिशतले वृद्धि भई प्रति आउन्स अमेरिकी डलर १३४४ पुगेको छ। २०७३ साउन मसान्तमा अमेरिकी डलर एकको खरिद विनिमय दर रु. १०६.७२ पुगेको छ।

**सरकारी बजेट तथा खर्च/राजश्व/नगद मौज्दात**

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा नगद प्रवाहमा आधारित नेपाल सरकारको बजेट रु. ५२ अर्ब ४ करोडले बचतमा रहेको छ। नगद प्रवाहमा आधारित कुल सरकारी खर्च रु. २ अर्ब ३१ करोड पुगेको छ। चालू खर्च बढेर रु. २ अर्ब ३० करोड पुगेको छ। पुँजीगत खर्च रु. १० लाख मात्र भएको छ।

समीक्षा अवधिमा नेपाल सरकारको कुल राजस्व सङ्कलन ३६ प्रतिशतले वृद्धि भई रु. ४१ अर्ब ७ करोडमा पुगेको छ। स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून भएकोले २०७३ साउन मसान्तमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रु. १८४ अर्ब ९७ करोड नगद मौज्दात कायम रहेको छ।

**मुद्राप्रदाय**

समीक्षा अवधिमा विस्तृत मुद्राप्रदाय ०.२ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा विस्तृत मुद्राप्रदाय २०.५ प्रतिशतले बढेको छ। खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. २ अर्ब १३ करोडले घटेको छ। सञ्चित मुद्रा ४.८ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा उक्त मुद्रा १९.५ प्रतिशतले बढेको छ।

**कुल आन्तरिक कर्जा**

समीक्षा अवधिमा कुल आन्तरिक कर्जा २.१ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा यस्तो कर्जा १८.१ प्रतिशतले बढेको छ। मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दावी १.१ प्रतिशतले बढेको छ। वार्षिक बिन्दुगत आधारमा निजी क्षेत्रमाथिको दावी २०७३ साउन मसान्तमा २४.५ प्रतिशतले बढेको छ।

**निक्षेप सङ्कलन**

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप ०.१ प्रतिशतले बढेको छ। वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ०.३ प्रतिशत र २.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ०.३ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूको निक्षेप २०.५ प्रतिशतले बढेको छ।

**कर्जा प्रवाह**

समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ०.७ प्रतिशतले बढेको छ। वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ०.९ प्रतिशत र ०.५ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको ०.६ प्रतिशतले घटेको छ। वार्षिक बिन्दुगत आधारमा २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा २५.१ प्रतिशतले बढेको छ।

समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा ०.६ प्रतिशत, औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा ०.३ प्रतिशत, निर्माण क्षेत्रतर्फको कर्जा १.४ प्रतिशत, थोक तथा खुद्रा व्यापारतर्फको कर्जा ०.३ प्रतिशत, सेवा उद्योगतर्फको कर्जा १.७ प्रतिशत र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा ०.७ प्रतिशतले बढेको छ।

२०७३ साउनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको लगानीमा रहिरहेको कर्जामध्ये ६०.७ प्रतिशत कर्जा घर जग्गाको धितोमा र १५ प्रतिशत कर्जा चालू सम्पत्ति (कृषि तथा गैर-कृषिजन्य वस्तु) को धितोमा प्रवाह भएको छ।

२०७३ साउनसम्ममा बैंक तथा वित्तीय संस्थाहरूको कुल लगानीमा रहेको कर्जामध्ये घरजग्गा (Real Estate) क्षेत्रमा रु. २५३ अर्ब ४२ करोड (प्रति ग्राहक रु. १ करोडभन्दा कमको रु. १४५ अर्ब ८८ करोडको आवासीय घरकर्जा समेत) रहेको छ। उक्त कर्जा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाहित कुल कर्जाको १५ प्रतिशत हुन आउँछ। २०७३ साउन मसान्तमा बैंक तथा वित्तीय संस्थाहरूले सेयरको धितोमा प्रवाह गरेको मार्जिन प्रकृतिको कर्जा कुल कर्जाको २.२ प्रतिशत (रु. ३७ अर्ब २८ करोड) रहेको छ भने वाणिज्य बैंकहरूबाट साना तथा मझौला

बाँकी अन्तिम पेजमा

व्यवसायमा प्रवाहित कर्जा (SMEs Loan) कुल कर्जाको २.५ प्रतिशत (रु. ३५ अर्ब ७४ करोड) छ ।

समीक्षा अवधिमा वाणिज्य बैंकहरूबाट प्रवाहित ट्रष्ट रिसिट कर्जा (आयात कर्जा ५.७ प्रतिशत (रु. ४ अर्ब १५ करोड) ले बढेको छ ।

**तरलता व्यवस्थापन**

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा यस बैंकले रु. ३२ अर्ब ४५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ५ अर्ब, रिभर्स रिपोमार्फत् (टर्नओभरको आधारमा) रु. २७ अर्ब ४५ करोड तरलता प्रशोचन भएको छ ।

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरू) बाट अमेरिकी डलर २२ करोड ८ लाख खुद खरिद गरी रु. २३ अर्ब ६३ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अमेरिकी डलर २६ करोड र यूरो ७ करोड ५० लाख बिक्री गरी रु. ३६ अर्ब ८३ करोड बराबरको भा.रु. खरिद भएको छ ।

**पुनरकर्जा तथा उत्पादनशील कर्जा**

नेपाल राष्ट्र बैंकबाट सहुलियत दरमा प्रदान गरिने पुनरकर्जा मध्ये साधारण पुनरकर्जा रु. २४ करोड ४३ लाख उपयोग भएको छ । भूकम्प पीडितहरूलाई शून्य ब्याजदरमा पुनरकर्जा सुविधा अन्तर्गत २०७३ साउन मसान्तसम्म रु. ७ करोड ९० लाख कर्जा प्रवाह भएको छ । वाणिज्य बैंकहरूले उत्पादनशील क्षेत्रमा कुल कर्जाको २० प्रतिशत कर्जा प्रदान गर्नुपर्ने नीतिगत व्यवस्था रहेकोमा २०७३ साउन मसान्तसम्ममा वाणिज्य बैंकहरूको यस्तो कर्जा अनुपात १६.५२ प्रतिशत पुगेको छ ।

**अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग**

आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा वाणिज्य बैंकहरूले रु. ७४ अर्ब ५३ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरूबीच बाहेक) ले रु. २६ अर्ब ३५ करोडको अन्तर-बैंक कारोबार गरेका छन् । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूले स्थायी तरलता सुविधाको उपयोग गरेका छैनन् ।

**ब्याजदर**

९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २०७३ साउनमा ०.४४ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ०.८२ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरू बीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर ३.१६ प्रतिशत रहेको छ । २०७३ साउनमा वाणिज्य बैंकहरूको कर्जा तथा निक्षेपबीचको भारित औसत ब्याजदर अन्तर ४.६८ प्रतिशत रहेको छ । वाणिज्य बैंकहरूको औसत आधार ब्याजदर ६.१ प्रतिशत कायम हुन आएको छ ।

**मर्जर/प्राप्ति**

२०७३ साउन मसान्तसम्ममा कुल ११९ वटा बैंक तथा वित्तीय संस्थाहरू (घ वर्गका सहित) मर्जर/प्राप्ति प्रक्रियामा सामेल भएका छन् । यसमध्ये ७८ वटा संस्थाहरुको इजाजत खारेज हुनगई कुल ४१ संस्था कायम रहेका छन् ।

**पुँजी बजार**

नेप्से सूचकाङ्क २०७३ साउन मसान्तमा १,७१७.५ विन्दु पुगेको छ । आर्थिक वर्ष २०७३/७४ को पहिलो महिनामा कुल सेयर कारोबार रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा २३१.२ प्रतिशतले वृद्धि भई रु. ३५ अर्ब ७८ करोड पुगेको छ ।

## कार्यकारी निर्देशकमा बढुवा

कायम मुकायम कार्यकारी निर्देशकहरु आन्तरिक लेखापरीक्षण विभागका महेश्वरलाल श्रेष्ठ, वित्त व्यवस्थापन विभागका ख्यामनारायण ढकाल, मुद्रा व्यवस्थापन विभागका भुवन कडेल र सामान्य सेवा विभागका रमेशकुमार पोखरेल कार्यकारी निर्देशक (विशिष्ट श्रेणी) मा बढुवा हुनु भएको छ ।

बढुवा हुनु भएका कार्यकारी निर्देशकहरुलाई नेपाल राष्ट्र बैंक समाचार हार्दिक बधाई ज्ञापन गर्दछ ।

## कार्यकारी निर्देशक काफ्लेको अवकाश

गभर्नरको कार्यालयका कार्यकारी निर्देशक हरिप्रसाद काफ्लेले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँले कार्यकारी निर्देशक (अधिकृत विशिष्ट) तहमा बैंक सेवामा ७ वर्षको अवधि पूरा गर्नु भएकोले अवकाश पाउनु भएको हो ।

## अवकाश

विकास बैंक सुपरिवेक्षण विभागका उपनिर्देशक (कम्प्युटर) जनक के. सी. ले बैंक सेवाबाट अवकाश पाउनु भएको छ । उहाँले ५८ वर्षको उमेर हदका कारण अवकाश पाउनु भएको हो ।

यसैगरी, सिद्धार्थनगर कार्यालयका उपसहायक इन्दिरा कण्डेल र मुद्रा व्यवस्थापन विभागका कार्यालय सहयोगी प्रथम सानाबाबु लामिछानेले पनि ५८ वर्षको उमेर हदका कारण बैंक सेवाबाट अवकाश पाउनु भएको छ ।

*प्रकाशक*
नेपाल राष्ट्र बैंक गभर्नरको कार्यालय, जनसम्पर्क महाशाखा
बालुवाटार, काठमाण्डौं, फोन : ४४१९८०४, Ext.: ३६२
ईमेल : samachar@nrb.org.np, वेवसाईट : www.nrb.org.np

*सम्पादक*
विभुप्रसाद अर्याल

*सम्पादन सहयोगी*
सुरेश पन्त
सार्थक कार्की
नवीना ताम्राकार

*मुद्रण :* अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन, अनामनगर, काठमाडौं, *फोन नं.* ०१-४७७०६१३, ४७७०२५३